# शान्ति विश्वविद्यालयद्वारा प्रधानमन्त्री ओलीलाई मानार्थ विद्यावारिधिको उपाधि

सान होजे । युनिभर्सिटी फर पिस (शान्ति विश्वविद्यालय) ले प्रधानमन्त्री केपी शर्मा ओलीलाई नेपालमा शान्ति तथा प्रजातन्त्र प्राप्तिका लागि पुऱ्याएको योगदानको कदर गर्दै मानार्थ विद्यावारिधिको उपाधि 'डक्टर्स अनरिस कजा' प्रदान गरेको छ ।

यहाँ सोमवार आयोजित समारोहमा उक्त उपाधि स्वीकार गर्दै प्रधानमन्त्री ओलीले आफूलाई दिइएको उपाधि नेपालको शान्ति प्रक्रियाको सफलता तथा शान्ति चाहने नेपाली जनताको सम्मान भएको बताउनुभयो । उहाँले भन्नुभयो, " यो उपाधि शान्तिका दूत बुद्ध जन्मेको मुलुकका जनतालाई दिइएको हो, विश्वभर समझदारी, सहिष्णुता तथा शान्तिका लागि यस विश्वविद्यालयले गरेको कामको प्रशंसनीय छ ।"

प्रधानमन्त्री ओलीले विश्वका नेताहरू जुनसुकै मुलुकबाट आए पनि संयुक्त राष्ट्र सङ्घमा शान्तिपूर्ण पृथ्वी, साझेदारीयुक्त प्रगति तथा मानवताको प्रगतिका लागि एकबद्ध भएको बताउनुभयो । राष्ट्र सङ्घको महासभाको ७३ औँ महाधिवेशनमा आतङ्कवादको बढ्दो घटना, बढ्दो तापक्रम र समुद्रको बढ्दो सतह, निरन्तर गृहयुद्ध तथा क्षेत्रीयताका घटना र निरन्तर खाद्य असुरक्षाका विषय उठाइएको जानकारी दिनुभयो ।

प्रधानमन्त्री ओलीले सो विश्वविद्यालयसँग मानवले भोगेका द्विविधा समाधान गर्ने उपाय हुने भएकाले त्यसको समाधान खोज्नुपर्नेमा जोड दिँदै शान्ति र सहिष्णुताको संस्कृति सिर्जना गर्ने, त्यसको खोजलाई अभिप्रेरित गर्ने र त्यसबाट विश्वले हाल भोगेका द्विविधाको समाधान दिने बताउनुभयो ।

प्रधानमन्त्री ओलीले वर्तमान विश्व सफलता र असफलता, प्रगति र दुर्गति एवं आशा तथा निराशा सबैको समायोजन भएको बताउँदै विश्वले आकर्षक आर्थिक प्रगति र असाधारण प्राविधिक प्रगति हासिल गरे पनि ती फाइदा न्यायोचित रूपमा सबैले प्राप्त नगरेको, अमानवीयता तथा गरीबी अझै विद्यमान भएको र समाज तथा मुलुकबीच असमानता अझै बढ्दो रहेको उदाहरण दिनुभयो । उहाँले हजारौँ जनताको ज्यान गृहयुद्धका कारण गुमेको र आतङ्कले विश्वको सबै भागमा अझै चुनौती दिएको उल्लेख गर्नुभयो ।

प्रधानमन्त्री ओलीले अहिले धेरै समस्याले मानव मस्तिष्कमा जरो गाडेको र मस्तिष्कमा रहेको हिंसा भावनाले युद्धमा लैजाने गरेको बताउँदै व्यक्तिमा उब्जिएको लालचले द्वन्द्व तथा भ्रष्टाचार बढाउने र व्यक्तिको मगजमा रहेको अज्ञानले असहिष्णुताको संस्कार जन्माउने धारणा व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "पहिले मानिसको दिमागमा नै शान्ति जगाउनुपर्छ, त्यो नै शान्तिका लागि नभई नहुने कुरा हो ।"

प्रधानमन्त्री ओलीले मानव मस्तिष्कको उपयोग पूर्ण रूपमा भइनसकेको र लाखौँ व्यक्ति पछाडि परेको उल्लेख गर्दै उनीहरूलाई शिक्षा दिलाएर प्रगति गराउन सकिने भएकाले त्यसैमा लगानी गर्नुपर्नेमा जोड दिनुभयो ।




प्रधानमन्त्री ओलीले सम्झना शक्ति, सिर्जनशीलता तथा कल्पनाशीलता मानव मस्तिष्कका दुई ठूला पक्ष भएको बताउँदै पछि परेका मानव समुदायले पूर्णता प्राप्त नगरेसम्म कुनै एक पक्षको प्रगति र समृद्धि दिगो नहुने विचार व्यक्त गर्नुभयो ।

प्रधानमन्त्री ओलीले शिक्षाले सकारात्मक दृष्टिकोण दिनुपर्ने, नयाँ क्षितिज खोल्नुपर्ने तथा समाज र मुलुकको विकासमा सघाउनुपर्नेमा जोड दिँदै भन्नुभयो, " शिक्षाले समृद्धि दिन्छ, समृद्ध व्यक्तिले परिवारलाई समृद्ध बनाउँछ, समृद्ध परिवारले समाज विकास गर्न सघाउँछ। समृद्ध समाजले नै मुलुक बनाउँछ र त्यसले मानवताको विश्वव्यापीस्तरमा समझदारी राख्न सिकाउँछ ।''

उहाँले व्यक्तिगतस्तरमा समाजको सर्वोपरि भलाइसँगै स्वतन्त्रता नै शान्तिको जग भएको बताउँदै राजनीतिक प्रक्रियामा अर्थपूर्ण सहभागिता तथा तर्कपूर्ण शक्ति बाँडफाँटले दिगो शान्तिमा सहयोग गर्ने विचार व्यक्त गर्नुभयो । "आर्थिक जगत्मा हुने र नहुनेबीचको भिन्नता तथा शोषणयुक्त आर्थिक अवस्था अन्त्य हुनुपर्छ । रोजगारीविहीनता अन्त्य हुनुपर्छ । आधारभूत तथा न्यायोचित मानवीय जैविक आवश्यकता पूर्ति हुनुपर्छ", उहाँले भन्नुभयो।

शान्ति विश्वविद्यालय बडापत्र (युपिस चार्टर) शान्ति विश्वविद्यालय स्थापना गर्न तयार भएको अन्तर्राष्ट्रिय सन्धि हो । नेपाल यस विश्वविद्यालयको बडापत्रमा हस्ताक्षर गर्ने ४१ औँ मुलुक बनेको छ । उक्त विश्वविद्यालय राष्ट्र सङ्घको महासभाको सन् १९८० को डिसेम्बर ५ को निर्णय ३५/५५ बाट स्थापना भएको हो । सो विश्वविद्यालयलाई 'शान्तिसम्बन्धी सबै विषयको अन्तरविषयगत अध्ययनमार्फत मानव तथा समाजको विकासका लागि शिक्षण, अनुसन्धान, स्नातकोत्तर तालीममा संलग्न हुने र आधारभूत ज्ञान प्रवाह गर्ने' कार्यादेश तोकिएको छ। सो विश्वविद्यालयमा अध्ययनका लागि निवेदन दिने हस्ताक्षरकर्ता मुलुकका विद्यार्थीले शिक्षण खर्चमा स्वतः ३० प्रतिशत छुट पाउने व्यवस्था छ।

प्रधानमन्त्री ओली मंगलवार सेन्ट्रल भ्यालीस्थित विश्वविद्यालयको राद्रिगो काराजो क्याम्पसमा आइपुग्दा उहाँलाई रेक्टर फ्रान्सिस्को रोजास आराभेनाले स्वागत गर्नुभएको थियो । रेक्टर आराभेनाले नेपाल र कोस्टारिकाबीच रहेका भिन्नता र समानताबारे बताउँदै शान्ति विश्वविद्यालयका क्रियाकलापका विषयमा जानकारी दिनुभयो ।

विश्वविद्यालयका शैक्षिक निर्देशक तथा अन्तर्राष्ट्रिय कानून विभागका प्रमुख डा मिहिर कनाडेले प्रधानमन्त्री ओलीलाई मानार्थ विद्यावारिधिको उपाधि प्रदान गर्नाको कारणबारे जानकारी दिनुभएको थियो ।

यसैगरी कोस्टारिकाका विदेश मामिला उपमन्त्री लोरेना अगुइलरले नेपालमा शान्ति र प्रजातन्त्र स्थापनाका लागि प्रधानमन्त्री ओलीले निर्वाह गर्नुभएको भूमिकाबारे चर्चा गर्नुभएको थियो । कोस्टारिकाका लागि नेपाली राजदूत अर्जुनकुमार कार्कीले दुई मुलुकबीच कूटनीतिक सम्बन्ध स्थापना भएको चार दशकपछि जनताबीच सम्बन्ध स्थापना हुन थालेको बताउनुभयो ।

समारोहपछि रेक्टर आराभेनाले प्रधानमन्त्री ओलीको सम्मानमा विश्वविद्यालयको 'रिक्रियटिभ पार्क' मा दिवाभोजको आयोजना गर्नुभयो । समारोहमा प्रधानमन्त्री ओलीकी धर्मपत्नी राधिका शाक्य, प्रधानमन्त्रीका प्रमुख सल्लाहकार विष्णुप्रसाद रिमाल, परराष्ट्र मन्त्रालयका सचिव शङ्करदास वैरागी, शिष्टाचार महापाल दीपक अधिकारी तथा नेपाल सरकारका अन्य वरिष्ठ अधिकारीको पनि उपस्थिति थियो ।रासस

## नेपाल र कोस्टारिकाले कृषि र मौसम परिवर्तनबारे मिलेर काम गर्ने

सान होजे । प्रधानमन्त्री केपी शर्मा ओली र कोस्टारिकाका राष्ट्रपति कार्लोस अलभारादो क्वेसाडाबीच अन्तर्राष्ट्रिय शान्ति, कृषि, मौसम परिवर्तन आदि क्षेत्रमा मिलेर काम गर्नसक्ने विषयमा छलफल भएको छ ।

वार्तापछिको संयुक्त पत्रकार सम्मेलनमा प्रधानमन्त्री ओलीले आफूले कोस्टारिकाका विषयमा धेरै कुरा सुनेको, अहिले देख्न पाएको र भ्रमणका लागि यसभन्दा उपयुक्त समय नभएको बताउनुभयो। उहाँले कोस्टारिकाले आर्थिक, वातावरण संरक्षण, मानवाधिकारजस्ता विषयमा निकै प्रगति गरेको आफूले देखेको उल्लेख गर्नुभयो ।

प्रधानमन्त्री ओलीले आफूले पिरिस जलविद्युत् परियोजना तथा वायुऊर्जा संयन्त्र हेर्ने मौका पाएको, शान्ति विश्वविद्यालयमा मानार्थ विद्यावारिधिको उपाधि स्वीकार्दा शान्ति तथा सामाजिक- आर्थिक विषयमा छलफल गर्न पाएको जानकारी दिनुभयो । उहाँले दुई देशबीच सम्बन्ध तथा सहयोगका क्षेत्र विस्तार गर्ने विषयमा छलफल भएको र त्यसमा गरीबी, गरिबी निवारण, दिगो विकास, वातावरण संरक्षण, स्वच्छ ऊर्जा र अन्य विषय समेटिएको उल्लेख गर्नुभयो ।

प्रधानमन्त्री ओलीले दुई नेतृत्वबीच नेपालको प्राथमिकता, समृद्ध नेपाल सुखी नेपालीको लक्ष्य, वातावरणीय परिवर्तन, महिला सशक्तीकरण, प्रजातन्त्र, सुशासन, निःशस्त्रीकरण आदि विषयमा पनि छलफल भएको जानकारी दिनुभयो ।

प्रधानमन्त्री ओलीले राष्ट्रपति क्वेसाडा तथा प्रथम महिलालाई उपयुक्त छिटो समयमा नेपाल भ्रमणको निमन्त्रणा पनि दिनुभएको छ। प्रधानमन्त्री ओली तथा राष्ट्रपति क्वेसाडाबीच छुट्टै एकल वार्तासमेत भएको थियो । यसपछि दुई मुलुकबीच प्रतिनिधिमण्डलस्तरमा वार्ता भएको थियो ।कोस्टारिकाका प्रथम महिला क्लाउडिया डोबल्स कामार्गोलेपनिप्रतिनिधिमण्डलसँग भेट गर्नुभएको थियो । उहाँले प्रधानमन्त्री ओलीकी धर्मपत्नी राधिका शाक्यसँग छुट्टै वार्ता गर्नुभएको थियो ।

प्रधानमन्त्री ओली मंगलवार राष्ट्रपति क्वेसाडासँग भेटवार्ता गर्न कोस्टारिका कला सङ्ग्रहालय आइपुग्दा उहाँलाई प्रथम उपराष्ट्रपति तथा विदेश मामिलामन्त्री एप्सी क्याम्पबेल बारले स्वागत गर्नुभएको थियो ।

स्वागतपछि दुवै मुलुकको राष्ट्रिय धुन बजाइएको थियो । प्रधानमन्त्री ओलीले मंगलवारै कोस्टारिका कला सङ्ग्रहालयको अवलोकन गर्नुभयो । सान होजेको पुरानो विमानस्थलमा रहेको ला सबाना उद्यानमा सो सङ्ग्रहालय अवस्थित छ । सङ्ग्रहालयमा छ हजार कला सजाइएको छ । यो स्थायी सङ्ग्रहालय हो र यसले कहिलेकाहीँ अस्थायी प्रदर्शनी पनि आयोजना गर्छ ।

यहाँ ल्याटिन अमेरिकाका कलाकार जासे साञ्चो, म्याक्स जिमेनेज, फ्रान्सिस्को जुनिगा तथा जर्ज जिमेनेज देखेदियाजस्ता कलाकारका कला प्रदर्शनीमा राखिएको छ। रासस

## खानी र पानी सँगसँगै चल्दैन : सञ्चारमन्त्री

काभ्रेपलाञ्चोक । सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटाले प्राकृतिक स्रोतमाथिको आक्रमणका कारण खानी र पानी सँगै नचल्ने बताउनुभएको छ ।

काभ्रेपलाञ्चोकको धुलिखेलमा सोमाबर आयोजित 'स्थानीयस्तरमा खानेपानी व्यवस्थापन विषय'को गोष्ठीलाई सम्बोधन गर्दै मन्त्री बाँस्कोटाले भन्नुभयो, "अनधिकृत रुपमा प्राकृतिक स्रोतमाथि दोहन भइरहेको छ, यसले सङ्कट निम्त्याउँछ भन्नेमा सबैले ध्यान दिनुपर्छ, खानी र पानी सँगै चल्दैन ।'

उहाँले पानीको स्रोत भएका अधिकांश क्षेत्रमै ढुङ्गाखानी सञ्चालन भइरहेकाले पानीको स्रोतमाथि गम्भीर असर भइरहेको बताउनुभयो ।"

मन्त्री बाँस्कोटाले स्रोतमाथिको दोहनले मुलुकभर खानेपानीको स्रोतमाथि सङ्कट आइरहेकाले यसलाई वैज्ञानिक ढङ्गले व्यवस्थापन गर्न सरोकार भएकाहरूले छिट्टै ध्यान दिनु जरुरी रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "मानिसको जीवनसँग मिनेट मिनेटमा जोडिएको पानीको स्रोतमाथिको आक्रमण तत्काल रोकिनुपर्छ, यसका लागि स्थानीय तहले दायित्वबोध गर्नुपर्छ ।"

मन्त्री बाँस्कोटाले 'स्रोतमाथिको चोट' नियन्त्रण गर्न नसक्दा मेलम्ची खानेपानी आयोजनाको काम ढिलाइ भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "मेलम्चीको पानी ल्याउने योजनामा काम गर्ने शैली फरक देखियो, स्रोतको क्षेत्रमा लाभको साझेदारी व्यवस्थापन नहुँदा ढिलाइ सहनुपऱ्यो ।"

मन्त्री बाँस्कोटाले एशियाली विकास बैंकले आफ्ना योजना समयमै सक्ने गरी ठेकेदारलाई चयन गर्नुपर्ने सुझाव दिँदै ठेकेदारले लापवाही र ढिलासुस्ती गरे सरकारलाई जानकारी गराउन अनुरोध गर्नुभयो ।

उहाँले 'कुनै ठेकेदारले भनेअनुसारको गुणस्तरीय काम नगरेमा वा समयमै काम सम्पन्न नगरेको भए सरकारलाई जानकारी गराउनुस्, हामी छानबिन गरी तत्काल कारवाही गर्छौं ।'

कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य मीनबहादुर शाहीलेआयोगलेमहानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकामा शहरीकरण गर्न लागिएको बताउँदै आगामी १५ औँ योजनामा केही योजनाका ढाँचा बदल्दै अघि बढ्ने जानकारी दिनुभयो ।

खानेपानी मन्त्रालयका सहसचिव अनिलभद्र खनालले सरकारले अबको तीन वर्षमा प्रत्येक नेपालीका लागि आधारभूत खानेपानी तथा सरसफाइका काम सक्ने बताउनुभयो ।

"सन् २०३० भित्र दिगो विकास लक्ष्य पूरा गर्न एकीकृत खानेपानी तथा सरसफाइ विधेयक ल्याइनेछ, यसका लागि मस्यौदा पनि तयार भइरहेको छ", उहाँले भन्नुभयो ।

नेपाल नगरपालिका सङ्घका अध्यक्ष एवं धुलिखेल नगरपालिका प्रमुख अशोक ब्याञ्जूले काभ्रेपलाञ्चोकका धुलिखेल, बनेपा र पनौती नगरका लागि सञ्चालित एकीकृत खानेपानी आयोजनाको काम ९८ प्रतिशत सकिएको र ६ महिनामा तीन नगरका करीब एक लाख परिवारमा २४ सै घण्टा खानेपानी पुऱ्याइने बताउनुभयो ।

खानेपानी मन्त्रालय, नगरपालिका सङ्घ तथा धुलिखेल नगरपालिकाको संयुक्त आयोजनामा दुई दिनसम्म चल्ने गोष्ठीमा २० नगरका प्रमुख एवं प्रतिनिधि तथा सातै प्रदेशका उत्कृष्ट खानेपानी उपभोक्ता समितिका पदाधिकारीको सहभागिता छ ।रासस

## मन्त्री पोखरेलद्वारा होमयोप्याथिक अस्पतालसञ्चालनमा

लहान । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले प्रदेश नं २ लहान नगरपालिका-५ खुट्टी खोलास्थित विलट साह रौनियार जनसेवा होमयोप्याथिक अस्पताल लहानको आज उद्घाटन गर्नुभएको छ ।

उहाँले सोमबारनै लहान नगरपालिकामा रहेका विद्यालय जाने उमेरका बालबालिका विद्यालय बाहिर नरहेको घोषणा पनि गर्नुभयो । उहाँले अस्पतालले नगरवासीलाई आवश्यक चिकित्सा सेवा पुऱ्याउने विश्वास व्यक्त गर्दै 'सुखी नेपाली समृद्ध नेपाल, बालअधिकार सबैको सरोकार' नारालाई साकार पार्न नगरपालिकालाई आह्वान गर्नुभयो ।

२२ लाखको लागतमा बनी आजदेखि सञ्चालनमा आएको अस्पतालको भवन एकतले र चारकोठे रहेको भवनदाता महेश गुप्ताले बताउनुभयो ।रासस


# Chandranagar Rural Municipality
## Office of the rural Municipal Executive
### Chandranagar, Sarlahi
### Province No. 2, Nepal

# Invitation for Bids for the supply and delivery of Mechanical equipmento

**First published date2075-06-22**

1. Chandranagar Rural Municipality invites sealed and electronic bids from eligible bidders for the procurement of following Mechanical Equipments under National competition Bidding (NCB) Procedure.

| Contract Identification No. | Description | Quantity | Bidding Document Cost NRs. | Bid Security NRs. | Remarks |
|---|---|---|---|---|---|
| V 01/2075/076 | FRP Boat (12 Seater-1, 10 Seater-1) | 2 | 3000.00 | 65,000.00 | All other not mentioned I description will be as per approved technical specification. |

2. Eligible bidders may obtain further information and inspect the bidding documents at the office of Chandranagar Rural Municipality.
3. Bidding document is available as a hardcopy or online. A Complete set of Bidding document in English may be purchased from municipality office by interested bidders within 30 days from the date of publication at office hours on the submission of a written application along with the copy of company/firm registration certificate, Tax clearance up to FY 073/074 and upon payment of a non-refundable fee of Rs3,000.00 (in words, three thousand rupees only) deposit the cost of bidding document in the following bank
   Name of Bank: Nepal Bank limited, malangava branch, sarlahi
   Name of office: Chandranagar Rural Municipality, Chandranagar (Sarlahi)
   Rajawa (Internal Revenue) account no: 02903000000004003001
4. Sealed Bids must be submitted to Chandranagar Rural Municipality Office on or before 12.00 hours on 31st day from the date of publication. Documents received after this deadline shall not be accepted. For submission of hard copy, the bid documents purchased from Chandranagar Rural Municipality is only acceptable.
5. In the case of discrepancies or error in bid documents, bid notice or any other documents, Chandranagar Rural Municipality reserves the right to amend and correct at any time. The figure for the bid amount must be clear if any discrepancy may occur then the figure wirtten in word is valid.
6. Bids shall be opened in the presence of Bidders' representatives, who choose to attendat 2:00 PM on 31st day of Notice Published in Chandranagar Rural Municipality, Sarlahi. Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanmed by bid security amounting as stated above deposited at (Dharauti Account No. 02903000000003000104) on behalf of Chandranagar Rural Municipality, Sarlahi at Nepal Bank Limited, Malangwa Branch, Sarlahi or bid bond authorized form a recognized commercial bank of Nepal, which shall be valid for minimum 30 days beyond the bid validity period.
7. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
8. Bids should comply in all respects with the Instruction to Bidder included in the Bid Document. Non compliance with this instruction shall result in disqualification.
9. Chandranagar Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
10. All other conditions of the bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064.

***Chief Administative Officer***